# विनियोजन ऐन, २०८१

## गाउँ सभाबाट स्वीकृत मितिः २०८१ साल असार १० गते

साकेला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मानेभन्ज्याङ, खोटाङ

कोशी प्रदेश, नेपाल ।

साकेला गाउँपालिकाको आर्थिक बर्ष २०८१/२०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावनाः**

साकेला गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम साकेला गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "साकेला गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थापन खर्च रकम समेत गरी जम्मा रकम रु ३१,२२,००,००० (एकतीस करोड बाइस लाख मात्र) बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त साकेला गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न, निकासा गर्न र खर्च लेख्न सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

रबि प्रकाश राई
पालिका अध्यक्ष

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ (पच्चिस) प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४. योजनामा स्वत:बजेट रहने र चालु आर्थिक वर्षमा खर्च भई बाँकी रहने बजेट सम्बन्धी विशेष व्यवस्था : चालु आर्थिक वर्षमा सम्झौता भई पेश्की समेत भुक्तानी भइसकेका र विशेष कारणले योजना सम्पन्न नभई भुक्तानी हुन नसकेका योजनाहरूको विषयमा जुन शीर्षकमा बजेट विनियोजन भई फरफारक हुन बाँकी रहेको हो सोही योजना स्वत:कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने तथा चालु आर्थिक वर्ष २०८१/०८२ मा पूँजिगत तर्फका विभिन्न योजनामा प्राविधिकको कम मूल्यांकन भई बाँकी हुन आउने रकम तथा प्रशासनिक खर्च भई बाँकी हुन आउने रकम मध्ये आगामी आर्थिक वर्षका लागि तय गरिएको सिलिङमा राखिएको आघिल्लो वर्षको मौज्दातभन्दा बढि हुन आउने रकम सामाजिक, आर्थिक तथा पूर्वाधार विकास विशेष कार्यक्रममा खर्च गर्न बाधा पर्ने छैन ।

५. विषयगत बजेट कार्यान्वयन: वडागत सिलिङबाट विनियोजन भएको विषयगत बजेटको हकमा सम्बन्धित वडाको समन्वयमा, संघ र प्रदेश सरकारबाट हस्तान्तरण भएको सशर्त र विशेष अनुदान रकमको हकमा कानून बमोजिम सम्बन्धित विषयगत शाखाबाट कार्यक्रम तय गरी स्वीकृत गरेर मात्र कार्यान्वयन गरिनेछ ।

६. खर्च गर्नमा बाधा नपर्ने: गाउँपालिकाभित्र संघीय सरकार र प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान र गाउँपालिकाको स्रोतबाट साझेदारीमा सञ्चालन हुने योजनाका लागि कानूनको परिधि भित्र रहेर योजना कार्यान्वयन भई बाँकी हुन आउने रकम सो आर्थिक वर्षभरी आवश्यक प्रकृया अपनाई सोही योजनामा खर्च गर्न बाधा पर्ने छैन ।

साकेला गाउँपालिकाको मिति २०८१।०३।१० गते बसेको १४ औं गाउँ सभाबाट स्वीकृत विनियोजन ऐन, २०८१ नियमानुसार प्रमाणित गर्दछु ।

मितिः २०८१।०३।१३

.............................

रवि प्रकाश राई

गाउँपालिका अध्यक्ष

# अनुसूची – १

(दफा २ संग सम्बन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट विनियोजन हुने रकम

(रकम रु.)

| क्र. सं. | अनुदान संख्या | शीर्षक | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | | साकेला गाउँपालिका पूँजीगत तथा सञ्चालन खर्च | ६८९५१०००।- | ७३२५९०००।- | ०।- | १४२२१००००।- | संघ प्रदेश र गाउँपालिकाको राजश्व |
| २ | | विषयगत शाखा (संघ र प्रदेशबाट हस्तान्तरित) | १३८७९२०००।- | ३११९८०००।- | ०।- | १६९९९००००।- | सशर्त समानीकरण र साना सिंचाइ साझेदारी समेत |
| ३ | | ऋणको सावा ब्याज भुक्तानी | ०।- | ०।- | ०।- | ०।- | |
| ४ | | अल्या | ०।- | ०।- | ०।- | ०।- | |
| | | जम्मा | २०७७४३००।- | १०४४५७०००।- | | ३१२२०००००।- | |

रवि प्रकाश राई